# पोखरा महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

न्यूरोड, कास्की

गण्डकी प्रदेश, नेपाल,

फोन नं. ५२११०४

फ्याक्स नं. ५२०६००

इमेल:info@pokharamun.gov.np

पत्र संख्या : ०७७/०७८

चलानी नं. 6854

मिति :-२०७८/१/१४

**विषय :- अत्यावश्यक बाहेकका सेवा बन्द सम्बन्धमा ।**

विश्वव्यापी महामारीको रुपमा फैलिरहेको नयाँ भेरियन्ट सहितको **कोभिड-१९** (कोरोना भाइरस) को संक्रमण हालका दिनहरुमा तिव्र रुपमा फैलिरहेको अवस्थालाई मध्यनजर गदै कोभिड-१९ संक्रमण रोकथाम तथा नियन्त्रणका लागि जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (DCCMC) कास्की को मिति २०७८/१/१३ गतेको निर्णय अनुसार जिल्ला प्रशासन कार्यालयबाट जारी भएको आदेश र पोखरा महानगरपालिका कोरोना संक्रमण रोकथाम मुल समितिको निर्णय बमोजिम यस पोखरा महानगरपालिका र अन्तर्गतका सम्पूर्ण कार्यालयबाट प्रदान गरिने स्वास्थ्य, सरसफाई र अन्य अत्यावश्यक सेवा बाहेकका सम्पूर्ण सेवा मिति २०७८/१/१५ बाट २०७८/१/२१ गते सम्मका लागि बन्द गरिएको व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ । स्वास्थ्य सुरक्षाको सम्पूर्ण मापदण्हरुको पालना गरी कोभिड-१९ को रोकथाम तथा नियन्त्रण गर्ने कार्यमा सम्पूर्ण नगरबासीहरुको सहयोगको अपेक्षा गर्दछौ ।

.................................

(मानबहादुर जि.सी)

प्रमुख

प्रमुख